आज मिति २०८२ साल वैशाख २१ गते मंगलबारका दिन रोहिणी गाउँपालिका गाउँकार्यपालिका अध्यक्ष श्री विद्या प्रसाद यादव ज्यूको अध्यक्षतामा देहाय बमोजिमका विषयमा छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका निर्णय गरियो।

समय बिहान ८:०० बजे।

## उपस्थिति

१. श्री विद्या प्रसाद यादव - गा.पा. अध्यक्ष
२. श्री शिवकान्ती चमार - " उपाध्यक्ष — शिवकान्ती
३. श्री बीर बहादुर क्षेत्री - प्रवक्ता / ३ नं. वडा अध्यक्ष
४. श्री आबिद अली पठान - १ नं. वडा अध्यक्ष
५. श्री करम हुसेन खान - २ नं. "
६. श्री तारानाथ यादव - ४ नं. "
७. श्री घनश्याम सिंह क्षेत्री - ५ नं. "
८. श्री इन्द्रमान चौधरी - ६ नं. "
९. श्री अन्नान अहमद भाट - ७ नं. " — अन्नान अहमद
१०. श्री भानकी हरिजन - का.पा. सदस्य
११. श्री खुश्बु निशा फकिर - " "
१२. श्री कबिता देवी गोंड - " " — कविता
१३. श्री रेखा हरिजन - " "
१४. श्री नियामत अली नाऊँ - " "
१५. श्री निरज हरिजन - " "
१६. श्री भगत बहादुर बस्नेत - सदस्य-सचिव

### आमन्त्रित

१. दीपा सुवेदी - योजना शाखा प्रमुख

### प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।
२. रजिष्ट्रेशन दस्तुर छुटको लागि सिफारिस सम्बन्धमा।
३. रिक्त पदमा कर्मचारी भर्ना सम्बन्धमा।
४. सार्वजनिक जग्गा अतिक्रमण गरी बनेका संरचना हटाउने सम्बन्धमा
५. सेमरहवा पोखरीको अतिक्रमित संरचना हटाउने सम्बन्धमा।
६. सरसफाई सप्ताह अभियान संचालन सम्बन्धमा।
७. विविध।

CamScanner मार्फत स्क्यान गरियो

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १मा छलफल गर्दा गाउँसभा र कार्यपालिकाले हालसम्म गरेका निर्णयहरु तथा नेपाल सरकार र प्रदेश सरकारले गरेका निर्देशन एवम् परिपत्रहरुको कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरी आगामी दिनमा थप सुधारका लागि प्रयास गर्ने निर्णय गरियो।

निर्णय नं. २:

प्रस्ताव नं. २मा छलफल गर्दा रोहिणी गाउँपालिका वडा नं. ६ को सिफारिस एवम् श्री आनन्द फुड्स एण्ड एग्रो इन्डष्ट्रिज प्रा.लि. को निवेदन अनुसार उक्त प्रा.लि. ले पशुपालनका लागि लिजमा लिई हाल प्रयोग गरिरहेको साविक बोदवार गा.वि.स. वडा नं. ४ख कि.नं. ७१, क्षेत्रफल १-१-१ जग्गा उक्त प्रा.लि. को नाममा खरिद गर्दा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को अनुसूची-१ (घ) विविध शिर्षकमा भएको व्यवस्था तथा अन्य प्रचलित कानून बमोजिम रजिष्ट्रेशन दस्तुर छुटका लागि मालपोत कार्यालय, रुपन्देहीलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा रोहिणी गाउँपालिका वडा नं. १ र ७ मा रिक्त रहेको कार्यालय सहयोगी, वडा नं. ६ मा आधारभूत स्वास्थ्य संस्था स्थापनाका लागि आवश्यक १ जना अनमी, १ जना अ.हे.व. र १ जना कार्यालय सहयोगी तथा गाउँसभाको निर्णय अनुसार नमूना माध्यमिक विद्यालयको लागि १ जना विद्यालय नर्स (अनमी पाँचौं) पदमा खुला विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, गाउँपालिका क्षेत्रभित्र सार्वजनिक जग्गा, सडकको क्षेत्राधिकार (ROW), ऐलानी, पर्ती खोलानाला, सार्वजनिक बाटो तथा अन्य सरकारी/सार्वजनिक उपयोगका जग्गामा निर्माण गरिएका अनाधिकृत घर-टहरा तथा संरचनाहरु हटाउनका लागि पटक-पटक सूचना प्रकाशन गरिएकोमा हालसम्म पनि नहटाएको नाममा कानून बमोजिम हटाउने निर्णय गरियो।

CS CamScanner मार्फत स्क्यान गरियो

निर्णय नं.५:

प्रस्ताव नं. ५ मा छलफल गर्दा, श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल र श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको पत्र बमोजिम रोहिणी गाउँपालिका वडा नं. ६, रोमरहवा खोल्को दक्षिण र उत्तर भागमा रहेको जंगलको जग्गामा केही व्यक्तिहरुले स्थायी/अस्थायी संरचनाहरु निर्माण गरी बसोबास गरेकोले सरकारी/सार्वजनिक जग्गा संरक्षण गर्ने व्यवस्था मिलाउन अनुरोध भई आएकोमा अतिक्रमित जग्गा एकिन गरी घर, टहरा तथा संरचनाहरु हटाउनका लागि १५ दिने सूचना प्रकाशन गर्ने र तत्पश्चात प्रचलित कानून बमोजिम हटाउने निर्णय गरियो।

निर्णय नं.६:

प्रस्ताव नं. ६ मा छलफल गर्दा, नेपाल सरकारबाट स्वीकृत 'सरसफाई सप्ताह सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८३' बमोजिम वैशाख २८ गतेदेखि जेठ १ गते सम्म अभियानको रुपमा गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरु (गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु) सरसफाई कार्य सञ्चालन गर्ने तथा सो पश्चात निरन्तर सरसफाई गर्ने निर्णय गरियो। सरसफाई सप्ताह भरी प्रत्येक दिन ४ बजेदेखि ५ बजेसम्म र त्यसपछि प्रत्येक शुक्रबार ४ बजेदेखि ५ बजेसम्म सबै कर्मचारी तथा जनप्रतिनिधिहरुले सामूहिक रुपमा कार्यालय, आ-आफ्नो कार्यकक्ष र कार्यालय परिसर सरसफाई गर्ने र सो दिनमा कर्मचारीहरुले कार्यालय पोशाक नलगाई कार्यालय आउने निर्णय गरियो।

निर्णय नं.७: विविध।

१. रोहिणी गाउँपालिकामा रहेका किसान र कृषीहरुको खेतीयोग्य जग्गाको विवरण संकलन गरी कार्यविधि बमोजिम किसान कार्ड बनाउनका लागि प्रत्येक वडामा १/१ जना कम्प्युटरमा दक्ष जनशक्ति व्यवस्थापन गरी वडा कार्यालयका कर्मचारीहरुको समन्वयमा बढीमा १५ दिन भित्रमा सम्पन्न गर्ने निर्णय गरियो। साथै उक्त जनशक्ति परिचालन गर्दा दैनिक रु. ८००।- पारिश्रमिक र रु. १५०।- खाजा खर्च गरी जम्मा रु. ९५०।- सुविधा उपलब्ध गराउने निर्णय गरियो।

CS CamScanner मार्फत स्क्यान गरियो

२. रोहिणी गाउँपालिका वडा नं. ४ मा सञ्चालन भएको 'प्रथम माघी महोत्सव तथा थारु सांस्कृतिक कार्यक्रम' को पेश भएको बिल भरपाई अनुसार रु. ३०,०००।- (तीस हजार मात्र) श्री समयमाई युवा क्लब लाई भुक्तानी दिने निर्णय गरियो। -(अध्यक्ष ज्यूको तोकादेशअनुसार शिर्षकबाट)

३. देवदह आदर्श बहुमुखी क्याम्पस, देवदह, रुपन्देहीद्वारा मिति २०८३ साल जेष्ठ १५ र १६ गते आयोजना हुन लागेको 'प्रथम राष्ट्रिय सम्मेलन उच्च शिक्षामा नवप्रवर्तन र स्थानीय विकास' विषयक राष्ट्रिय सम्मेलनको लागि "विविध खर्च" शिर्षकबाट रु. २५,०००।- (पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

४. रोहिणी गा.पा. को छिउँदे शाखाबाट रकमान्तर भएको वडा नं. ६ को योजनाहरुमध्ये 'ललितपुर शिवमन्दिर मर्मत तथा व्यवस्थापन' दोहोरो हुन गएकोमा एउटा शिर्षकलाई 'बसन्तपुर शिव मन्दिर मर्मत तथा व्यवस्थापन' शिर्षकमा परिवर्तन गर्ने निर्णय गरियो।

५. रोहिणी गा.पा. वडा नं. ४ मा रहेको सेमरहवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा विद्युत मिटर जडानको लागि विद्युत प्राधिकरणमा राख्नु पर्ने धरौटी रकमको लागि 'विविध खर्च' शिर्षकबाट बिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।